मिति : २०८०/१०/०६ कापा बैठक संख्याः १९-०८०/८१

प्रमाणित

सागर गौतम
प्रमुख प्रशासकीय अधिकृत

**प्रस्तावहरु**

१९.१. आगामी गाउँसभाको अधिवेशनको मिति संशोधन सम्बन्धमा ।

१९.२. लागत साझेदारीमा कार्यक्रम सञ्चालनको प्रस्तावना स्विकृत सम्वन्धमा ।

१९.३. कार्यक्रमका लागि आवेदन पेश गर्ने सम्वन्धमा ।

१९.४. संगम स्पोर्टस क्लब, कञ्चन-२,रुपन्देहीलाई आर्थिक सहायता सम्वन्धमा ।

१९.५. विविध ।

**निर्णयहरू**

**१९.१. आगामी गाउँसभाको अधिवेशनको मिति संशोधन सम्वन्धमा,**

"गाउँसभा/नगरसभाको (कार्यसञ्चालन) कार्यविधि, २०७६" को परिच्छेद-२ दफा ३ (४) बमोजिम यस गाउँपालिकाको आगामी हिउँदे अधिवेशन तथा १५ औ अधिवेशन मिति २०८०/१०/०८ गते दिनको ठिक १.०० बजे बस्ने भनि अधिवेशनको आवाह्यन भएकोमा प्राविधिक कारणवश देहायको समय, मिति र स्थानमा गाउँसभाको अधिवेशन बस्ने गरि अधिवेशनको मिति संशोधन गर्ने ।

देहायः

मितिः२०८०/१०/१५ गते ।

ने.सं.११४४ पोहेलागा,४ सोमवार

समयः दिनको ठिक १.०० बजे ।

स्थानः कञ्चन गाउँपालिकाको सभाहल, बेउरी, रुपन्देही ।

**१९.२. लागत साझेदारीमा कार्यक्रम सञ्चालनको प्रस्तावना स्विकृत सम्वन्धमा**

यस गाउँपालिकाको आ..२०८०/८१ स्विकृत कञ्चन विकास योजनाको पृष्ठ नं.५३ सि.नं.५७ मा पर्यटन प्रवर्द्धनका लागि होटल व्यवसायीलाई तालिम ख.शि.२२५१२ (नेपाल सरकार नगद अनुदान) मा रु २,००,०००/- (अक्षरुपी दुई लाख मात्र/-) कार्यान्वयनका लागि प्रकृति चन्द्रमा प्रतिष्ठान, बुद्धभूमि न.पा. ९ कपिलवस्तुसँग लागत साझेदारीमा सम्बन्धित संस्थाको २५% साझेदारी रहने गरी पेश भएको प्रस्तावनालाई स्विकृत गरी कार्यक्रम सञ्चालन गर्न अनुमति दिने ।

**१९.३. कार्यक्रमका लागि आवेदन पेश गर्ने सम्वन्धमा**

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय (नीति, योजना तथा अनुगमन शाखा) सिंहदरबार, काठमाण्डौको च.नं. नी.यो.अ./११७ मिति २०८०/०९/२७ गतेको सूचना अनुसार लैङ्गिक हिंसा निवारण तथा मानव बेचबविखन नियन्त्रण कार्यक्रम र सामाजिक विकास कार्यक्रमबाट विभिन्न संघसंस्थालाई दिने अनुदान कार्यक्रमको लागि निवेदन माग भई आएकोमा उक्त कार्यक्रम महिला,बालबालिका तथा अपाङ्गहरुलाई सीपमूलक, क्षमता अभिवृद्धि क्षेत्रका यस गाउँपालिकाको समेत रु ५,००,०००/- (अक्षरुपी पाँच लाख मात्र/-) लागत साझेदारी बेहोर्ने गरि रु ३०,००,०००/- (अक्षरुपी तीस लाख मात्र/-) बराबरको कार्यम्रम माग गरी तोकिएको ढाँचामा आवेदन पेश गर्ने व्यवस्था मिलाउने।

मिति : २०८०/१०/०८ कार्यपालिका बैठक संख्याः१९-०८०/८१

१९.४ संगम स्पोर्टस क्लब, कञ्चन-२,रुपन्देहीलाई आर्थिक सहायता सम्वन्धमा ।

संगम स्पोर्टस क्लब, कञ्चन-२, रुपन्देहीले मिति २०८०/१०/१६ गते देखि राष्ट्रिय स्तरमा अनुशासित र उत्कृष्ट खेलाडी उत्पादन गर्ने उद्देश्यका साथ गा.पा. स्तरिय पुरुष फुटवल कार्यक्रम सञ्चालनका लागि प्रस्तावना पेश गरेकोमा गाउँपालिकाको आ.व.२०८०/८१ कझ स्विकृत वार्षिक कार्यक्रमको व्यक्तिगत थत संस्थागत आर्थिक सहायता ऐन बमोजिम हुने गरी (खर्च शिर्षक २७११ सि.नं. १५७) शिर्षकबाट लागत साझेदारीमा गाउँपालिकाले स्विकृत गरी रु ४०,०००/- (अक्षरुपी चालिस हजार मात्र/-) बेहोर्ने गरी उक्त प्रतियोगिता सञ्चालन गर्न संगम स्पोर्टस क्लब, कञ्चन-२, रुपन्देहीले पेश गरेको प्रस्तावना स्विकृत गर्ने ।

१९.५. विविध

१९.५.१. वृक्षारोपण योग्य सार्वजनिक जग्गा पहिचान समिति गठन सम्वन्धमा

आ.व. २०८०/८१ को स्विकृत वार्षिक कार्यक्रम अनुसार समृद्धिका लागि वन परियोजनाको शिर्षक नं.२८ खर्च शिर्षक नं.३११५७ सम्भावित वृक्षारोपण योग्य निजि, सार्वजनिक, ऐलानी, प्रति तथा सरकारी जग्गाको पहिचान कार्यक्रम सञ्चालनका लागि सम्भावित वृक्षारोपण योग्य सार्वजनिक जग्गा पहिचान समिति देहाय बमोजिम गठन गर्ने ।

देहायः

समितिको नामः सम्भावित वृक्षारोपण योग्य सार्वजनिक जग्गा पहिचान समिति

संयोजक — श्री मौसमी थापा मगर

सदस्य- श्री हरिनारायण थारु (वन तथा वातावरण संरक्षण समिति संयोजक)

सदस्य- सम्वन्धित वडाका वडा अध्यक्ष

सदस्य- श्री सुवोध ज्ञवाली (ईन्जिनियर)

सदस्य- श्री दिनेश मुराउ (अमिन)

सदस्य- सचिव- श्री विपिन भट्टराई

समितिले आवश्यकता अनुसार विभिन्न व्यक्तिहरुलाई आमान्त्रण गर्न सक्नेछ ।

१९.५.२. एच.आई. भि./ एड्स सम्वन्धी कार्यक्रम सञ्चालनका लागि कार्यविधि निर्माण गरि कार्यक्रम सञ्चालनका लागि देहाय बमोजिमको समिति गठन गर्ने,

समितिको नामः कञ्चन गाउँपालिकाको एच.आई. भि./ एड्स सम्वन्धी कार्यक्रम सञ्चालन कार्यविधि,२०८०को मस्यौदा तयारी समिति

संयोजक- सामाजिक विकास समिति संयोजक

सदस्य- श्री सन्तोष गैरे (लेखा अधिकृत)

सदस्य — श्री गिरीराज अर्याल (अधिकृत छैठौ)

सदस्य- शुशिला थापा मगर

सदस्य — सचिव- राम प्रसाद गौतम

समितिले आवशयकता अनुसार विभिन्न व्यक्तिहरुलाई आमान्त्रण गर्न सक्नेछ ।

गाउँ कार्यपालिकाको कार्यालय
कञ्चन गाउँपालिका
कञ्चन-२, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल
२०७३

मिति : २०८०/१०/[illegible], कापा बैठक संख्या:१९-०८०/८१

प्रमाणित
[illegible]
सागर गौतम
प्रमुख प्रशासकीय अधिकृत

**१९.५.३. प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि योजना समावेश सम्वन्धमा**

कञ्चन गाउँपालिका वडा नं.२ का वडा अध्यक्ष श्री टेक बहादुर गुरुङको अध्यक्षतामा मिति २०८०/०९/२२ गते बसेको वडा समितिको बैठकको निर्णय नं.१मा मटेरियाको कुखुरा फारमको पछाडी पट्टी रहेको कुलो सरसफाई कार्यक्रम छनौट भई आएकोमा सो कार्यक्रमलाई रोजगार सेवाकेन्द्र मार्फत अगाडि बढाउने ।

**१९.५.४. जग्गा उपलब्ध गराउने सम्वन्धमा**

कञ्चन गाउँपालिका वडा नं. ३ का वडा अध्यक्ष श्री टिकाराम सापकोटाको अध्यक्षतामा मिति २०८०/१०/०४ गते बिहीवार बसेको बैठकको निर्णय समेतका आधारमा कञ्चन गाउँपालिका वडा नं. ३ गौरियामा विद्युत सव-स्टेशन निर्माण गर्न प्रस्तावित नेपाल सरकारको स्वामित्वमा रहेको जग्गा साविक गजेडी-५ज कित्ता नं.२ अन्तर्गत पर्ने पूर्व नरवदा पाध्या, पश्चिम बाटो ग्राबेल, उत्तर सामुदायिक वन, दक्षिण माया चौधरी यति चार किल्ला भित्रको अन्दाजी १-०-० क्षेत्रफलमा अवस्थित जग्गा नेपाल विद्युत प्राधिकरणलाई सव-स्टेशन निर्माणार्थ उपलब्ध गराउनका लागि सम्बन्धित निकायमा सिफारिस गर्ने ।

अन्त्यमा,

अध्यक्षबाट कार्यपालिका बैठकमा उपस्थित कार्यपालिका सदस्यहरूलाई धन्यवाद दिंदै आजको बैठक अन्त्य भएको घोषणा गर्नुभयो ।

कञ्चन गाउँपालिका